आज मिति २०७९ साल जेष्ठ १७ गते विहान ८:०० बजे नलगाड नगरपालिका जाजरकोटका नगर प्रमुख श्री डम्बर बहादुर रावतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री डम्बर बहादुर रावत | नगर प्रमुख | | |
| २. | श्री सरिता सिंह | नगर उप प्रमुख | | |
| ३. | श्री मान बहादुर गिरी | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४. | श्री धन बहादुर महर | वडा नं. १ अध्यक्ष | | |
| ५. | श्री पूर्ण बहादुर खत्री | वडा नं. २ अध्यक्ष | | |
| ६. | श्री कौशी बहादुर विष्ट | वडा नं. ३ अध्यक्ष | | |
| ७. | श्री बद्री बहादुर पन्त | वडा नं. ४ अध्यक्ष | | |
| ८. | श्री ओमराज वली | वडा नं. ५ अध्यक्ष | | |
| ९. | श्री वीरेन्द्र बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| १०. | श्री कृष्ण गिरी | वडा नं. ७ अध्यक्ष | | |
| ११. | श्री तेज बहादुर सिंह | वडा नं. ८ अध्यक्ष | | |
| १२. | श्री भविन्द्र बहादुर सिंह | वडा नं. ९ अध्यक्ष | | |
| १३. | श्री अनिता रोका | वडा नं. १० अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर बानिया | वडा नं. ११ अध्यक्ष | | |
| १५. | श्री मोहन बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १६. | श्री सेतु गिरी | वडा नं. १३ अध्यक्ष | | |
| १७. | श्री कुमारी वि.क. | कार्यपालिका सदस्य | | |
| १८. | श्री खिमा कुमारी शर्मा | कार्यपालिका सदस्य | | |
| १९. | श्री मनमाया घर्ती | कार्यपालिका सदस्य | | |
| २०. | श्री सिलाकुमारी कामी | कार्यपालिका सदस्य | | |
| २१. | श्री सरिताकुमारी शाही | कार्यपालिका सदस्य | | |
| २२. | श्री कलिभाने नेपाली | कार्यपालिका सदस्य | | |
| २३. | श्री सरिता बादी | कार्यपालिका सदस्य | | |
| २४. | श्री सर्वजित वि.क. | कार्यपालिका सदस्य | | |

२५. शक्ति बहादुर वि.क. प्र. लेखापाल

आमन्त्रितहरु

श्री यामलाल ढकाल आर्थिक प्रशासन शाखा नलगाड नगरपालिका जाजरकोट ।

श्री किरण थापा प्रशासन योजना तथा अनुगमन शाखा नलगाड नगरपालिका दल्ली, जाजरकोट ।

मिति : २०७९।०२।१७ गतेको नगर कार्यपालिकाको बैठकको प्रस्तावहरु

१. सार्वजनिक बिदा सम्बन्धमा ।

२. आंचारसहिता सम्बन्धमा ।

३. बस्तीस्तरका योजना छनौट सम्बन्धमा ।

४ स्वास्थ्य/शिक्षा तथा विषयगत अनुगमन सुपरिवेक्षण सम्बन्धमा ।

५. कार्यविधि पास सम्बन्धमा ।

६. महिला स्वयंसेवीका भत्ता सम्बन्धमा ।

७. सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।

८. विपद् व्यवस्थापन सम्बन्धमा ।

९. करार कर्मचारी नियुक्ति सम्बन्धमा ।

१०. मुख्यमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्बन्धमा ।

निर्णय नं. १ :-

नेपाल सरकारले संवत २०७९ साल जेठ १ गते देखि लागु हुने गरी हप्तामा दुई दिन (आईतवार र शनिवार) बिदा दिने निर्णय भएतापनि यस नलगाड नगरपालिकामा सेवा प्रवाहलाई मध्येनजर गर्दै सेवा ग्राहीको उच्च चापको कारण नलगाड नगरकार्यपालिकाको मिति २०७९।०२।२२ गतेको बैठकको निर्णयानुसार हप्तामा १ दिन (शनिवार) बिदा गरी अन्य समयमा नलगाड नगरपालिका मतहतका सम्पूर्ण कार्यालयहरु संचालन गरी सार्वजनिक सेवा प्रवाह गर्ने निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं. २ :-

यस नलगाड नगरपालिकाको आंचारसहिता निर्माण गरी अनुमोदनको लागि नगरसभा बैठकमा सिफारिस गर्ने निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं. ३ :-

यस नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को बस्तीस्तरबाट छनौट भई नगरसभामा प्रस्तुत गरिने निती तथा कार्यक्रम र बस्तीस्तरको योजना तर्जुमा मिति २०७९ जेष्ठ मसान्त सम्म नगरपालिकामा पेश गर्ने निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं. ४ :-

यस नलगाड नगरपालिकाको शैक्षिक अवस्था र स्वास्थ्य अवस्थालाई थप व्यवस्थित गरी सेवा प्रवाहलाई सरल सहज र व्यवस्थित गर्नको लागि नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरुबाट शैक्षिक संस्था, स्वास्थ्य क्षेत्रलाई अनुगमन सुपरिवेक्षण गरी नगरपालिकामा जानकारी गराउने निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं. ५ :-

यस नलगाड नगरपालिकाको प्राकृतिक श्रोत साधन तथा नदीजन्य पदार्थ विक्री तथा व्यवस्थापन कार्यविधि २०७९, पास गर्ने निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं. ६ :-

यस नलगाड नगरपालिकाका विभिन्न स्वास्थ्य संस्थाहरुमा कार्यरत महिला स्वास्थ्य स्वंयमसेवीकाहरुलाई प्रोत्साहन भत्ता वृद्धिको लागि नगरसभा बैठकमा सिफारिस गर्ने निर्णय निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं. ७ :-

यस नलगाड नगरपालिका मार्फत वितरण गरिने सामाजिक सुरक्षा भत्तालाई वितरणको लागि थप व्यवस्थित सरल र सहज तरिकाले वितरणको लागि सम्बन्धित निकायहरुमा आवश्यक पहल गर्ने निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं. ८ :-

यस नलगाड नगरपालिका क्षेत्रमा मनसुन सुरु भईसको अवस्थालाई मध्येनजर गरी विपद् प्रतिकार्यको लागि आवश्यक व्यवस्थापन गर्ने निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं. ९ :-

यस नलगाड नगरपालिकाको सेवा प्रवाहलाई व्यवस्थित सरल सहज सेवा प्रवाह संचालनको साथै प्रत्येक वडा कार्यालयहरुमा कर्मचारीहरुको अभाव भई सेवा प्रवाहमा असहज भएकोले नलगाड नगरपालिकाको करार कर्मचारी नियुक्ति सम्वन्धि कार्यविधि तयार गरी वडामा सहायक स्तर चौथोको विज्ञापनको लागि नगरसभा बैठकमा सिफारिस गर्ने निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं. १० :-

यस नलगाड नगरपालिकामा संचालित मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत आर्थिक वर्ष २०७९।०८० को लागि वडा कार्यालयहरुबाट छनौट भई आएका तपसिलका योजनाहरु मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सिफारिस गर्ने निर्णय सर्वसम्मत गरियो ।

*मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत आर्थिक वर्ष २०७९।०८० मा प्रस्ताव गरिएका योजनाहरु*

| क्र.सं. | योजनाको नाम | वडा नं. | अनुमाणित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | जुरेली टिमुर खेती योजना | १ | २५००००० | |
| २ | नाखोला भिलिंगा प्यारीपाखा ग्यानाचौर सडक निर्माण योजना | १ | ३०००००० | |
| ३ | रानीखेत घाटातरा हुँदै काम्ले सिचाई कुलो निर्माण योजना | १ | ५०००००० | |
| ४ | गदारी मोदरा जाले पुवाडाँडा सडक निर्माण योजना | १ | २०००००० | |
| ५ | तिमिलेचौर गैरखोला सुन्तला खेती योजना | २ | २५००००० | |
| ६ | सुन्तला खेति विस्तार योजना | ३ | ३०००००० | |
| ७ | ओखर खेति विस्तार योजना | ४ | २५००००० | |
| ८ | कागती खेती विस्तार योजना. | ५ | २५००००० | |
| ९ | ओखर खेती विस्तार योजना | ६ | २५००००० | |
| १० | काललागे पानी संरक्षण तथा मर्मत सम्भार योजना | ७ | २५००००० | |
| ११ | भेगुने मसिरी ओखर खेती योजना | ८ | २५००००० | |
| १२ | दारिमपाटा देखि धरंगा सम्म सडक निर्माण योजना | ९ | ४०००००० | |
| १३ | जनविकास प्रा.वि. भवन निर्माण योजना | १० | ३०००००० | |
| १४ | उखाले तल्लु सडक स्तरोन्ती योजना | ११ | ३०००००० | |
| १५ | औलगुर्ता देखि वायाकाँडा सम्म सडक निर्माण योजना | १२ | ३०००००० | |
| १६ | औल दह सिंचाई योजना | १३ | २५००००० | |
| १७ | औलगुर्ता देखि वायाकाँडा हुँदै लसुन डाँडा सम्म सडक निर्माण योजना | १२ | ४०००००० | |
| १८ | भेरीखर्क जोगिनदारा खानेपानी योजना | ४ | ३०००००० | |
| १९ | औल देखि गाउँ सम्म कृषि सडक निर्माण योजना | १३ | ५०००००० | |
| २० | साइले साधु देखि मुहुरेई, जगार हुँदै रजिग नलाक्चा वानिया गाउँ सम्म सडक निर्माण योजना | ११ | ६०००००० | |
| २१ | लविसा खाने पानी निर्माण योजना | ५ | ३०००००० | |
| २२ | दल्ली देखि काँडा दल्ली हुँदै वफेलगाउँ सम्म सडक निर्माण योजना | ७ | ५०००००० | |
| २३ | डाँसोरा चैतेकापल, चिउदारा हुँदै गुदेले सडक निर्माण योजना | २ | ५०००००० | |
| २४ | दुगुरी हुँदै वडा कार्यालय सम्म सडक निर्माण योजना | ९ | ६०००००० | |
| २५ | वडा कार्यालयको मेसिनरी वाल निर्माण योजना | १० | ४०००००० | |
| २६ | चाउलेचौर देखि वागेदारा सम्म सडक निर्माण योजना | ३ | ६०००००० | |
| २७ | बाघमारे खानेपानी योजना | ४ | ३०००००० | |
| २८ | कैना जिरो पोइन्ट भई ओरख्याल, हरेडाडाँ, नाउला, टाओल्ले, सिलिंगी हुँदै वडा कार्यालय सम्म सडक निर्माण योजाना | ६ | ४०००००० | |
| २९ | साँटा, गोगनखोला, रातामाटा गराग्ली हुँदै पिउली नेटीलेक सम्म सडक निर्माण योजना | ६ | ५०००००० | |
| ३० | भेरीलाग्ना रातापहर खानेपानी योजना | ३ | ३०००००० | |
| ३१ | वासकोट देखि तल्कोट सम्म सडक निर्माण योजना | ९ | ५०००००० | |